लुम्बिनी प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**मा.जन्मजय तिमिल्सिना**
**मन्त्री**
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्र संख्याः २०८१/०८२
चलानी नं.

मितिः २०८१/१२/३१

## हार्दिक अपिल

शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियानको अवसरमा आदरणीय अभिभावकहरू, शिक्षकहरू, भविष्यका कर्णधार विद्यार्थी भाइबहिनीहरू, शिक्षाप्रेमी महानुभावहरू र सम्पूर्ण दिदीवहिनी, दाजुभाइमा "सवै वालवालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै नववर्ष २०८२ तथा २०८२ वैशाख १ गतेदेखि नयाँ शैक्षिक सत्रको थालनी भएको सुखद अवसरमा सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

शिक्षा सबैका लागि मौलिक अधिकार हो भन्ने संवैधानिक मान्यतालाई आत्सात गर्दै प्रत्येक वालबालिकालाई विद्यालयसम्म पुऱ्याइ गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्नु हामी सवैको साझा दायित्व हो । यसका लागि गुणस्तरीय शिक्षाको मेरुदण्डको रुपमा रहेका शिक्षकको वृत्ति विकास, पेशागत विकास तथा शिक्षक पेशागत हित अभिवृद्धिमा मन्त्रालय प्रतिवद्ध रहेको छ । यस प्रदेशमा वर्तमान अवस्थामा प्रारम्भिक बाल विकास र शिक्षामा खुद भर्ना दर ७२.६ प्रतिशत, आधारभूत तहको कूल भर्ना दर १२३.९ प्रतिशत तथा खुद भनादर ९५.१ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ५५.२ प्रतिशत रहेको तथ्याङ्कले शिक्षामा सुधारका सङ्केत देखिएको भए तापनि शिक्षामा सवै वालवालिकाको पहुँच, शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यार्थी टिकाउ दर बढाउन थप प्रतिवद्धता, समन्वय, सहकार्य र साझेदारीको खाँचो देखिएको छ ।

यसै परिप्रेक्षमा विद्यालय उमेर समूहका सवै वालवालिकालाई प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयमा भर्ना गराउन, गुणस्तरीय पाठ्यपुस्तकको समयमै वितरण सुनिश्चित गर्न र सर्वसुलभ, समावेशी, अनिवार्य तथा निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयनका लागि भर्ना अभियान प्रदेशभर सञ्चालन हुँदैछ । यसै सन्दर्भमा, "अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५" अनुसार २०८५ साल वैशाख १ गतेदेखि आधारभूत शिक्षा उत्तीर्ण नगरेको व्यक्ति कुनै पनि सार्वजनिक पद, सेवामा नियुक्त वा निर्वाचित हुन नपाउने व्यवस्थाले शिक्षाको महत्वलाई थप उजागर गरेको छ ।

तहगत सरकारवीचको समन्वय र सहकार्यवाट समुदायस्तरमा आम अभिभावकको सहयोग र सक्रिय सहभागितावाट मात्रै विद्यार्थी भर्ना अभियान र समग्र शिक्षा सुधारको हाम्रो प्रयास सफल हुने भएकोले यसमा तीनै तहका सरकार लगायत शिक्षक, कर्मचारी, जनप्रतिनिधि, सञ्चारकर्मी, नागरिक समाज, शैक्षिक क्षेत्रका विज्ञ, कलाकार, स्रष्टा र सम्पूर्ण सरोकारवालालाई सक्रिय सहभागिता र सहकार्यका लागि हार्दिक अपिल गर्दछु । नयाँ शैक्षिक सत्रको यस महत्वपूर्ण अवसरमा शिक्षकहरू, शिक्षाप्रेमी अभिभावकहरू र सम्पूर्ण विद्यार्थी भाइवहिनीहरूमा उज्ज्वल भविष्यको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु । हामी सवै मिलेर "सवै वालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने महान् लक्ष्यलाई साकार पार्नको लागि आव्हान गर्दछु । धन्यवाद ।

..........................
जन्मजय तिमिल्सिना
मन्त्री

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री